नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३३ अंक ६८ २०८० साल असोज २० गते शनिबार (7 Oct. 2023 Saturday) मूल्य रु. ५/-

चाडपर्वको संरक्षण र सम्बर्द्धन गरौं।
चाडपर्वमा फजुल खर्च नगरौं

हाम्रा साँस्कृतिक पर्वहरुको जगेर्ना गरौं।
मद्यपान र जुवातासजस्ता विकृतिको अन्त्य गरौं।

**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : आन्दोलनरत शिक्षकसँग भएका.. ३ पृष्ठमा : नोबेल शान्ति पुरस्कार घोषणा ३ पृष्ठमा : खडेरीले सन् २०२३ को प्रारम्भमा

# जिल्ला शिक्षा कार्यालय ल्याउनु भनेको संघले नियन्त्रण गर्न खोजेको डा. राउतको आरोप

**दैनिक समाचारदाता**
**राजविराज, १९ असोज ।**

जनमत पार्टीका अध्यक्ष एवं प्रतिनिधिसभा सदस्य डा. सिके राउतले जिल्ला शिक्षा कार्यालय ल्याउनु भनेको संघले नियन्त्रण गर्न खोजेको आरोप लगाएका छन् ।

शुक्रबार प्रतिनिधिसभामा जारी विधेयकमाथिको छलफलमा बोल्दै डा. राउतले



संघको नियन्त्रणमा जिल्ला शिक्षा कार्यालय ल्याउनु भनेको संघीयता विरोधी गतिविधिका रूपमा देखिएकोले त्यसलाई खारेज गर्नुपर्ने बताए ।

उनले विद्यालय शिक्षा विधेयक २०८० संघीयता विरोधी भएको आरोप समेत लगाउँदै प्रदेशमा लोकसेवा आयोग, निजामति सेवा स्थानीय तहमा भइरहेको अवस्थामा माध्यमिक शिक्षा बोर्डलाई केन्द्र वा संघमा राख्नु नहुँने तर्क दिए । उनले माध्यमिक शिक्षा बोर्डलाई कमसेकम प्रदेशसम्ममा राख्नुपर्ने सुझाव दिए ।

उनले अहिलेको शिक्षा विधेयकलाई मुल रूपम बिहेको तामझाम भएको, जन्ती भएको तर दुलाहा नै भागेको जस्तो देखिएको बताए । 'जुन प्रयोजनका लागि यो शिक्षा विधेयक ल्याइएको हो, त्यो नै स्पष्ट नभएको, पर्याप्त छलफल नभएको र सम्बोधन नगरेको जस्तो देखिन्छ', उनले भने, 'शिक्षकले आन्दोलन गरे । आफ्नो तलब, सेवा सुविधा वृद्धि गर्नुपर्ने भनेपछि सम्झौता गरियो । निजी विद्यालयले पनि आन्दोलन गरे, माग पूरा गरियो । तर आम गरिब विद्यार्थीका लागि कसले बोल्दिने ? त्यो विधेयकमा समेटिएको छैन ।'

उनले शिक्षा विधेयक विद्यार्थी र अभिभावकका प्रयोजनका लागि ल्याएको भन्दै उनीहरूको सरोकार समेट्न सरकारसँग अनुरोध गरे । 'विद्यार्थीले कस्तो शिक्षा पाउने, गुणस्तर कस्तो हुने, पहुँच कस्तो हुने, सहजता छ कि छैन भन्ने कुरा विधेयकले नै सम्बोधन गर्नुपर्छ', उनले भने ।

आफ्नो पार्टीले १० कक्षापछि १ वर्ष अनिवार्य रूपमा प्राविधिक शिक्षा दिनैपर्ने अवधारणा ल्याएको स्मरण गर्दै त्यस्तो खालको नीति पनि यसमा समावेश गर्न सकिने उनले बताए । शिक्षकको दृष्टिकोणबाट हेर्दा, पहिला भनेजस्तो निजामति सेवाका कर्मचारीभन्दा २५ प्रतिशत माथि वा २० प्रतिशत सेवा सुविधा बढी हुनुपर्ने र त्यसले 'बेस्ट एन्ड ब्राइट' मान्छेलाई त्यसमा आकर्षित गर्न सक्नु पर्ने उनले बताए ।

साथै, शिक्षकले पनि विद्यार्थीले राम्रो शिक्षा पाइराखेको कुरा सुनिश्चित गर्न आफ्नो वार्षिक मूल्यांकन गर्न सक्नु पर्ने उनको भनाइ छ ।

# स्वास्थ्यकर्मी सुरक्षासम्बन्धी ऐन संशोधन हुँदै

काठमाडौँ, १९ असोज (रासस) ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षासम्बन्धी ऐन, २०६६ (पहिलो संशोधन २०७९) लाई पुनः संशोधनको प्रक्रिया अगाडि बढाएको छ ।

सरकार र नेपाल चिकित्सक सङ्घबीच भएको सहमति अनुसार ऐन संशोधनको प्रक्रिया अगाडि बढाएको मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीले जानकारी दिनुभयो । मन्त्रालयले चिकित्सक, आवासीय चिकित्सक, मेडिकल अधिकृत, इन्र्टन डाक्टर तथा स्वास्थ्यकर्मीको सेवा सुविधालगायत तत्काल सुधार गर्नुपर्ने विषयमा अध्ययन गरी प्रतिवेशन पेश गर्न मन्त्रालयका अतिरिक्त सचिवको संयोजत्वकमा समिति गठन गरेको छ ।

साथै मन्त्रालयले स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्था सुरक्षा समन्वय समितिलाई सक्रिय बनाउन मन्त्रालयका अतिरिक्त सचिव डा टङ्क बराकोटीको अध्यक्षतामा ११ सदस्यीय 'स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा समन्वय समिति' गठन गरेको प्रवक्ता बुढाथोकीले राससलाई जानकारी दिनुभयो ।

# मधेश प्रदेशमा एक मन्त्रालय फुटाइयो, एक थपियो

**दैनिक समाचारदाता**
**राजविराज, १९ असोज ।**

मधेश प्रदेशमा शुक्रबार पुनः मन्त्रिपरिषद् पुर्नगठन भएको छ ।

शिक्षा तथा समाज कल्याण मन्त्रालयलाई फुटाएर शिक्षा तथा संस्कृती मन्त्रालय बनाइएको र खेलकुद तथा समाज कल्याण मन्त्रालय थपिएको छ ।

शिक्षा तथा संस्कृती मन्त्रालयको जिम्मा महेश प्रसाद यादवले र खेलकुद तथा समाज कल्याण मन्त्रालयको जिम्मा सुरिता साहले पाएकी छिन् । यसअघि मन्त्रि साह बिना विभागिय मन्त्रि थिइन् ।

मधेश प्रदेश प्रमुखको कार्यालय जनकपुरधामका निमित्त सचिव शत्रुधन यादवद्वारा जारि विज्ञप्तिमा अब मन्त्रिको संख्या १४ पुगेको छ भने जसमा दुई जना राज्यमन्त्रि छन् ।

# विद्यालय शिक्षासम्बन्धी विधेयक सहमतिमा पारित गर्न माग

काठमाडौँ, १९ असोज (रासस) ।

प्रतिनिधिसभाको शुक्रबारको बैठकमा विद्यालय शिक्षालाई एकीकरण र संशोधन गर्न बनेको विधेयक, २०८० लाई सरोकारवालाका माग र सरकारले पछिल्ला समयमा गरेका सहमतिलाई सम्बोधन गर्ने गरी पारित गर्न आग्रह गरिएको छ ।

बहुप्रतिक्षीत सो विधेयकमाथिको सैद्धान्तिक छलफलमा सांसदहरूले सो आग्रह गर्नुभएको हो । बैठकमा शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री अशोककुमार राईले सो विधेयकमाथि सामान्य छलफल गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्नुभएको थियो । विधेयकका सम्बन्धमा जनताको सुझाव लिनका लागि प्रचार गरियोस् भनी सांसद गणेश पराजुलीले प्रस्तुत गर्नुभएको प्रस्ताव बहुमतले अस्वीकृत गरेको थियो ।

छलफलमा भाग लिँदै नेपाली कांग्रेसका प्रमुख सचेतक रमेश लेखकले सरोकारवालाका धेरै चासो रहेका छन् भन्नुभयो । उहाँले विद्यार्थीको निःशुल्क शिक्षा तथा अनिवार्य शिक्षाका सवालसँगै, शिक्षक, कर्मचारी, व्यवस्थापन समिति, राहत शिक्षक, बाल विकास शिक्षक, स्थानीय सरकारसँगको समन्वय आदि विषयलाई पनि गम्भीरतापूर्वक लिएर संविधानको मूल्य, मान्यता र भावनाअनुसार सरोकारवालाका आवाजलाई सम्बोधन हुने गरी सहमतिका आधारमा विधेयक पारित गर्नुपर्ने बताउनुभयो ।

नेकपा (एमाले)का सांसद रघुजी पन्तले विधेयक संसद्मा प्रस्तुत भइसकेपछि सरकारले यसका अन्तरवस्तुका विषयमा सरोकारवालासँग गरेको सहमति प्रक्रियागत नभएको बताउनुभयो । उहाँले भन्नुभयो, "सांसदले आफ्नो दृष्टिकोणका आधारमा विधेयक बनाउने हो । संविधानका भावनाभन्दा बाहिर जान सकिँदैन । संसद्को कार्यक्षेत्रलाई सरकारले हस्तक्षेप गर्न पनि मिल्दैन ।"

*बाँकी अन्तिम पृष्ठमा*

# पुस्तक प्रदर्शनी र बौद्धिक छलफलमार्फत पठन संस्कृतीको विकास गर्नु आवश्यक : निवर्तमान मन्त्रि साह

**दैनिक समाचारदाता**
**राजविराज, १९ असोज ।**

मधेश प्रदेशका निवर्तमान मन्त्री शैलेन्द्र प्रसाद साहले पठन संस्कृतिको विकास गर्न पुस्तक प्रदर्शनी, बौद्धिक छलफल र अन्तरक्रिया आवश्यक रहेको बताएका छन् ।



साहित्यीक संस्था साझा प्रकाशनद्वारा जारि सप्ताहव्यापी बृहत पुस्तक प्रदर्शनीको शुक्रबार अवलोकन गर्दै उनले यस्तो बताएका हुन् ।

अहिलेको आधुनिक युगमा मोबाइलमा इन्टरनेट सुबिधा हुने भएकाले ज्ञानबर्द्धक तथा पत्रपत्रिकातर्फ पाठकको संख्या घट्दै गएकोमा पुस्तक प्रदर्शनीले पठन संस्कृतीको विकासमा सहयोग पुग्ने उनको भनाई छ ।

पठन संस्कृतिको विकास हुन नसक्दा पुस्तकालयहरुमा पाठक तथा पुस्तक प्रकाशन संस्था र पुस्तक पसलमा ग्राहक घट्दै गएकोले पठन संस्कृतीको विकास गर्न र युवा पीढिलाई ज्ञानबर्द्धक पुस्तकप्रति आकर्षण गराउन बेला बेलामा पुस्तक प्रदर्शनी तथा बौद्धिक छलफल र अन्तरक्रिया लगायतका कार्यक्रमहरु चलाउन जरुरी रहेको बताए ।

उनले देशका कला, संस्कृती, साहित्य, दर्शन र समाजशास्त्र देशलाई चिनाउने विशिष्ट गहना भएकाले मुलुकको भौतिक सँगै यस क्षेत्रको विकासमा पनि सबै सरोकारवालाले उत्तिकै ध्यान दिन आवश्यक रहेको बताए ।

नेपालको कला, साहित्य र संस्कृतिलाई देश बिदेशमा चिनाउन साझा प्रकाशन र नेपाल प्रज्ञा प्रतिष्ठानले महत्वपूर्ण योगदान गरेको प्रसङ्ग उल्लेख गर्दै उनले यस्ता संस्थाहरुलाई संरक्षण, सम्वर्द्धन र प्रोत्साहनका लागि

*बाँकी अन्तिम पृष्ठमा*



## सम्पादकीय

# सामाजिक संजालको प्रयोग सावधानीपूर्वक गरौं

अहिले सामाजिक संजालको प्रयोगकर्ता बढ्दै गएका छन् । प्रत्येक व्यक्तिको मोबाइल भएकै कारण यसको प्रयोगकर्ता समेत बढेको हो । तर यसको प्रयोग सावधानीपूवर्क नगर्दा मानिसहरु ठगिने क्रम पनि बढ्दै गएको छ । विभिन्न प्रलोभनमा परेर अहिले मानिसहरु निकै ठगिने गरेका छन् । अहिले विभिन्न प्रलोभन देखाएर मानिसहरुसँग थोरै भएपनि रकम ठग्ने क्रम सामाजिक संजालमार्फत बढेको प्रहरी तथ्याङ्कले देखाएको छ । इमो, वाट्सअफ, म्यासेन्जर लगायतमा चिठ्ठाको नाममा लाखौं करोडौ रकम परेको भन्दै म्यासेज आउने गर्दछ । यही म्यासेजको भरमा मानिसहरु खुशी हुनुका साथै म्यासेज पठाउने व्यक्तिले भनेको कुरा मान्न समेत तयार हुन्छन् । पहिलो पटक थोरै रकमको माग आउछ, त्यसपछि अलि बढी रकम ट्रान्सफर गर्ने म्यासेज आएपछि, अन्तिममा तपाई अझ रकम पठाउनुहोस् अनि तपाईलाई परेको चिठ्ठाको प्रक्रिया हुन्छ भन्दै बाध्य पार्छन् । रकम पठाएपछि म्यासेज पठाउने व्यक्तिको आइडी बन्द हुनुका साथै सम्पर्क बिहीन हुन्छ । अनि बल्ला हामीलाई ठगिन पुगिएको महसुस हुन्छ ।

यस्ता प्रलोभनमा पर्नु भन्दा पहिले हामीलाई आएको म्यासेज आधिकारीक हो की होइन भन्ने कुरामा ध्यान दिनुपर्छ । त्यसलाई विभिन्न माध्यमबाट प्रमाणित गर्नु पर्छ । तर, यी सबै प्रक्रिया नगरेर हामी हतार हतारमा कसैले थाहा नपाओस भन्दै रकम पठाउँछौं । यसरी सामाजिक संजालबाट ठगिनेमा बढी महिलाहरु रहेका छन् । कुनै पनि कुरा गर्नु भन्दा पहिले त्यो आधिकारी हो की होइन् वा त्यस्ता म्यासेज कतिको भरपर्दो हो भन्ने कुरामा ख्याल गर्नुपर्छ । सकेसम्म त्यस्ता म्यासेजलाई बेवास्ता गर्नु नै वेस हुन्छ ।

कुनै कामै नगरिकन धनी बन्ने इच्छालाई छोडेर हामी आफ्नो कर्म गर्न तर्फ लाग्नु पर्छ । तसर्थ प्रलोभनमा पर्नु भन्दा राम्रो त्यस्ता म्यासेजलाई हामी इग्नोर गरि मात्र सामाजिक संजालबाट ज्ञानबर्द्धक सन्देश हासिल वा त्यसलाई मानोरन्जनको रुपमा लिनु नै बेस हुन्छ ।

# आन्दोलनरत शिक्षकसँग भएका सहमति अक्षरशः कार्यान्वयन गर्न सांसदको माग

काठमाडौँ, १९ असोज (रासस) ।

संविधानले परिकल्पना गरेको समाजवादमा पुग्नका लागि गुणस्तरीय, पहुँचयोग्य र समावेशिता चरित्रसहितको शिक्षा प्रणालीको विकास गरिनुपर्नेमा सांसदहरूले जोड दिनुभएको छ ।

प्रतिनिधिसभाको शुक्रबारको बैठकमा 'विद्यालय शिक्षा विधेयक, २०८०' माथिको छलफलका क्रममा सांसदहरूले शिक्षालाई सर्वसुलभ र सबैको पहुँचमा पुग्ने बनाउनुपर्ने बताउनुभयो । उहाँहरूले आन्दोलनरत शिक्षकसँग भएका सहमतिको अक्षरशः कार्यान्वयन गर्न सरकारको ध्यानाकर्षणसमेत गराउनुभयो ।

सांसद माधव सापकोटाले संविधानले शिक्षालाई मौलिक हकका रुपमा सुनिश्चित गरे पनि विधेयकले निजी शिक्षाका बारेमा स्पष्ट दृष्टिकोण बनाउन नसकेको बताउनुभयो । "निजी शिक्षाको व्यवस्थापन र शिक्षा क्षेत्रभित्रको व्यापारीकरणको व्यवस्थापन नगरी अगाडि जान सक्दैनौँ । शिक्षाको व्यापारीकरण नरोक्दासम्म शिक्षा वर्गवादी हुन्छ", उहाँले भन्नुभयो ।

शिक्षकसँग भएको सहमति अक्षरशः कार्यान्वयन हुनुपर्नेमा जोड दिँदै उहाँले भन्नुभयो, "सरकारसँगको सहमतिका क्रममा पनि नेपाल शिक्षक महासङ्घ र राहत शिक्षकलाई छुटचाउने काम भयो । यो विधेयकलाई पूर्णता दिने क्रममा त्यो गल्ती दोहोऱ्याउनु हुँदैन ।" सांसद सापकोटाले राहत, बालविकास, पेन्सन पीडित, निजी स्रोतलगायत शिक्षकका बारेमा पनि संवेदनशील हुनुपर्ने तथा निजामती कर्मचारीसरह शिक्षकको सेवासुविधा व्यवस्थापन गरिनुपर्ने बताउनुभयो ।

सांसद नारायणी शर्माले कमजोर शिक्षा प्रणालीका कारण नै मुलुकलाई अग्रगति दिन नसकिएको उल्लेख गर्दै अग्रगामी शिक्षा नीति लिइनुपर्ने बताउनुभयो । उहाँले सदनमा पेस भएको विधेयकलाई व्यावहारिक र वैज्ञानिक ढङ्गले अगाडि लैजानुपर्ने बताउनुभयो । "विधेयकमा शिक्षकका रुपमा विभाजन गरिएको छ, शिक्षकलाई विभाजन गरिनु हुँदैन, सबै शिक्षकको एउटै खालको वर्ग बनाउनुपर्छ", उहाँले भन्नुभयो । आन्दोलनरत शिक्षकसँग गरिएका सहमतिलाई विधेयकमा समेट्नुपर्नेमा जोड दिँदै उहाँले शिक्षकलाई आफ्ना सवाल सम्बोधन भएको अनुभूति गराउन सक्नुपर्ने बताउनुभयो ।

सांसद शिशिर खनालले विधेयकको आवश्यकताका बारेमा सरकार अस्पष्ट रहेको बताउनुभयो । नेपालको विद्यालय शिक्षालाई गुणस्तर र सबैको पहुँचमा पुऱ्याउने शिक्षा नीतिअनुसार विधेयक आउन नसकेको उहाँको भनाइ छ ।

सांसद प्रदीप पौडेलले संविधानले अनिवार्य शिक्षालाई मौलिक हक भने पनि विधेयकले शिक्षाको मौलिक हकलाई सुनिश्चित गर्न नसकेको बताउनुभयो । विधेयकले विद्यालय शिक्षाको नीतिगत पक्षबाट एकरुपता स्थापित गर्ने उल्लेख गरे पनि त्यसो हुन नसकेको उहाँको भनाइ छ । "शिक्षा सोच, सीप र स्रोत, समृद्धि र संसारसँग जोडिनुपर्छ, शिक्षाको बहुपक्षीय विषयलाई जोड्ने गरी विधेयक आउन सकेन", उहाँले भन्नुभयो ।

सांसद अशोककुमार चौधरीले संविधानले व्यवस्था गरेको मौलिक हकलाई सम्बोधन गर्ने गरी विधेयक आउन नसकेको बताउनुभयो । सांसद सीता मिजारले वर्ग, जात, लिङ्ग, क्षेत्र तथा कमजोर आर्थिक अवस्था भएका विद्यार्थीलाई शिक्षाको समान अवसर प्रदान गर्न विधेयक परिमार्जन गरिनुपर्ने बताउनुभयो । सांसद डा स्वर्णिम वाग्लेले सार्वजनिक शिक्षामा लगानी र व्यवस्थापनमा राज्यको अनिवार्य भएको उल्लेख गर्दै शिक्षा क्षेत्रलाई प्राथमिकता दिइनुपर्ने बताउनुभयो ।

सांसद राजेन्द्र केसीले उत्पादन र श्रमसँग जोड्न सक्ने गरी शिक्षा ऐन ल्याउनुपर्ने बताउनुभयो । "पढिखाने शिक्षा हो कि गरिखाने शिक्षा खोजेका हौँ ? यसमा प्रस्ट हुनुपर्छ", उहाँले भन्नुभयो, "हामीले गरिखाने शिक्षा दिन सक्नुपर्छ । अहिलेको शिक्षा प्रणालीमा कहाँ कमजोरी छ, व्यापक छलफल गरेर नयाँ शिक्षा नीति तर्जुमा गर्नुपर्छ ।"

सांसद छिरिङ डम्डुल लामा (भोटे) ले सामुदायिक विद्यालयमा अभिभावक तथा विद्यार्थीको आकर्षण बढाउन सक्नुपर्नेमा जोड दिनुभयो । सांसद जावेदा खातुन जागाले आम जनताको पहुँच पुग्ने खालको शिक्षा ऐन तर्जुमा गर्नुपर्ने बताउनुभयो । उहाँले मदरशा, गुरुकुल र गुम्बा शिक्षालाई निजी शिक्षामा राख्न नहुने बताउनुभयो ।

सांसदहरू प्रकाश अधिकारी, राजु थापा, मेनकाकुमारी पोखरेल, सरिता भुसाल, बिजुला रायमाझी, हर्कमाया विश्वकर्मा, रामशङ्कर यादव, सांसद मनिष झालगायतले विधेयकले शिक्षा क्षेत्रमा देखिएका बेथिति रोक्न सक्नुपर्ने बताउनुभयो ।

# आगामी वर्ष नेपालको आर्थिक वृद्धिदर बढ्ने विश्व बैंकको प्रक्षेपण

काठमाडौँ, १९ असोज (रासस) ।

विश्व बैंकले आगामी वर्षमा नेपालको आर्थिक वृद्धिदर विस्तार हुने अनुमान गरेको छ । बिहीबार काठमाडौँमा दक्षिण एसियाली विकास अपडेट र नेपाल विकास अपडेट २०२३ सार्वजनिक गर्दै विश्व बैंकले सन् २०२४ मा नेपालको आर्थिक वृद्धिदर तीन दशमलव नौ प्रतिशत रहने प्रक्षेपण गरेको हो । यस वर्ष भने नेपालको कुल गार्हस्थ्य वृद्धिदर एक दशमलव नौ प्रतिशत रहने विश्व बैंकले जनाएको छ ।

नेपाल आर्थिक पत्रकार समाज (सेजन) र काठमाडौँ विश्वविद्यालयसँग सहकार्य गर्दै विश्व बैंकले दक्षिण एसियाली विकास अपडेट र नेपाल विकास अपडेट प्रतिवेदन सार्वजनिक गरेको हो । आयात प्रतिबन्ध हटाइनु, पर्यटनमा फर्कँदो उत्साह र मौद्रिक नीतिमा क्रमशः गरिएको खुकुलोपनलगायत कारण नेपालको अर्थतन्त्रमा सुधार आउने विश्व बैंकको प्रक्षेपण छ । सन् २०२५ मा नेपालको अर्थतन्त्र पाँच प्रतिशतले विस्तार हुने अनुमान छ ।

विश्व बैंकका माल्दिभ्स, नेपाल र श्रीलङ्का हेर्ने देशीय निर्देशक फारिस हदाद जेर्वोसले आगामी वर्षहरूमा नेपालमा आर्थिक वृद्धिदर बढ्दै जाने बताउनुभयो । उहाँले नेपालमा उच्च आर्थिक सम्भावना रहेको उल्लेख गर्दै नेपाल अतिकम विकसित मुलुकबाट स्तरोन्नति हुन लागेकामा खुसीसमेत व्यक्त गर्नुभयो । विश्व बैंकको दक्षिण एसियाली क्षेत्र हेर्ने प्रमुख अर्थशास्त्री फ्रान्जिस्के लाओनसोर्जले दक्षिण एसियाली विकास अपडेट सार्वजनिक गर्दै दक्षिण एसियामा पेट्रोलियम पदार्थमा भएको मूल्यवृद्धि, जलवायु परिवर्तन, चीनमा देखिएको मन्दी, प्राकृतिक प्रकोपका कारण मानिस प्रभावित हुनु, आयात र निर्यातमा गरिएको प्रतिबन्ध, नयाँ विदेशी मुद्रामा लगाइएको प्रतिबन्धजस्ता कारण अर्थतन्त्रमा चुनौती थपिएको बताउनुभयो । विश्वबजारको उत्पादन र सेवाले समेत असर पारिरहेको उहाँको भनाइ छ ।

त्यसैगरी दक्षिण एसियाका अधिकांश देशमा निजी लगानीको कमजोर अवस्था रहेको भन्दै उहाँले वित्तीय चुनौती बढ्दै गएको बताउनुभयो । उच्च ऋण न्यून आय भएका मुलुकको समस्या रहेको भन्दै उहाँले वित्तीय नीतिहरू धेरै बाध्यकारी हुन नसकेकोसमेत बताउनुभयो । विश्व बैंकका अर्थशास्त्री नयनकृष्ण जोशीले नेपाल अपडेटबारे प्रस्तुतीकरण दिँदै नेपालले ऊर्जा क्षेत्रमा राम्रो प्रगति गरिरहेको बताउनुभयो ।

नेपालले भारतमा विद्युत् निर्यात गरिरहेको र बङ्गलादेशमा समेत निर्यातको तयारी भइरहँदा यसले अर्थतन्त्र विकासमा ठूलो सहयोग पुग्ने उहाँको भनाइ छ । जोशीका अनुसार थोक र खुद्रा व्यापारमा आएको सुस्तता कारण सन् २०२३ मा सेवा क्षेत्रको वृद्धिलाई गतिलाई सुस्त बनाएको छ । त्यसै सन् २०२३ मा औसत उपभोक्ता मूल्य सात वर्षयताकै उच्च बिन्दुमा पुगेको भन्दै उहाँले कम आयात र उच्च रेमिट्यान्सका कारण चालु खाता घाटा छ वर्षयताकै न्यूनस्तरमा रहेको समेत उल्लेख गर्नुभयो । समयमा वर्षा नहुँदा कृषि उत्पादनमा प्रभाव पार्न सक्ने, भारतले चामललगायत खाद्यान्न निर्यातमा लगाएको प्रतिबन्धका कारण मूल्यवृद्धि बढ्न सक्नेसमेत उहाँले बताउनुभयो । यसले पुनः चालु खाता घाटा बढ्न सक्ने उहाँको भनाइ छ ।

सोही कार्यक्रमको छलफलसत्रमा राष्ट्रिय योजना आयोगका सदस्य डा रमेशचन्द्र पौडलले नेपाली विद्यालय शिक्षाको उत्पादकत्वसँग समन्वय गर्न नसकेको बताउनुभयो । सोही कारण नेपालको शिक्षा प्रणालीलाई परिमार्जन गर्नुपर्ने उहाँको तर्क छ । "यो शिक्षा प्रणाली

*बाँकी अन्तिम पृष्ठमा*

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# नोबेल शान्ति पुरस्कार घोषणा हुँदै, ३५० जनाबाट छानिने

ओस्लो, १९ असोज (रासस/एपी)।

शुक्रबार प्रतिष्ठित नोबेल शान्ति पुरस्कारको घोषणा हुँदैछ। नर्वेमा विशेषज्ञहरूको एक प्यानलले शुक्रबार ३५० जना नामाङ्कनको सूचीबाट छानेर नोबेल शान्ति पुरस्कारको घोषणा गर्दैछ।

गत वर्ष उक्त पुरस्कार युक्रेन, बेलारुस र रुसका मानवअधिकार कार्यकर्ताहरूले जितेका थिए। यसलाई रुसी राष्ट्रपति भ्लादिमिर पुटिन, उनको बेलारुसी समकक्षी र अन्य सहयोगीहरूको कडा आलोचनाका रूपमा हेरिएको थियो।

नोबेल शान्ति पुरस्कार व्यक्तिगत वा संस्थागतरूपमा प्रदान गरिन्छ। विगतमा यो पुरस्कार पाउनेहरूमा नेल्सन मण्डेला, बाराक ओबामा, मिखाइल गोर्बाचेभ, आङ सान सु की र संयुक्त राष्ट्रसङ्घलगायत थिए।

स्टकहोममा छनोट र घोषणा गरिने अन्य नोबेल पुरस्कारभन्दा फरक यो शान्ति पुरस्कार यसका संस्थापक अल्फ्रेड नोबेलले पाँच सदस्यी नर्वेली नोबेल कमिटीले ओस्लोमा निर्णय गर्ने प्रदान गर्ने निर्णय गरेका थिए। यो पुरस्कार छनोटका लागि नर्वेली संसदले एउटा स्वतन्त्र प्यानेल नियुक्त गर्दछ।

यो वर्ष उक्त कमिटीले व्यक्तितर्फ दुई सय ५९ र संस्थागततर्फ ९२ गरी कूल तीन सय ५१ को मनोनयन प्राप्त गरेको छ। मनोनयन गर्न सक्नेहरूमा पूर्व नोबेल शान्ति पुरस्कार विजेता, कमिटीक सदस्यहरू, राष्ट्र प्रमुखहरू, सांसदहरू र राजनीति शास्त्र, इतिहास तथा अन्तर्राष्ट्रिय कानूनका प्राध्यापक रहेका छन्।

नोबेल शान्ति पुरस्कार यो वर्ष घोषणा गरिने पाँचौं नोबेल पुरस्कार हो। बिहीबार नोबेल कमिटीले नर्वेली लेखक जोन फोसालाई साहित्यतर्फको पुरस्कार प्रदान गरिने घोषणा गरेको थियो। बुधबार रसायनशास्त्रतर्फको पुरस्कार अमेरिकी वैघज्ञानिकहरू मुङ्गी बावेन्डी, लुइ ब्रस र अलेक्सेई इकिमोभलाई प्रदान गरिने घोषणा भएको थियो।

त्यसैगरी मङ्गलबार यस वर्षको भौतिकशास्त्रतर्फको नोबेल पुरस्कार फ्रान्सेली मूलका स्विडिश वैज्ञानिक एन लहुइलियर, फ्रान्सेली वैज्ञाकि पिएरे अगोस्टिनी र हङ्गेरी मूल्का फेरेन्क क्रुस्जलाई दिने घोषणा भएको थियो।

सोमबार चिकित्सातर्फको पुरस्कार हङ्गेरी मूलका अमेरिकी नागरिक क्याटालिन कारिको र अमेरिकी चिकित्सक ड्रिउ वेसम्यानले जित्नुभएको थियो।

नोबेल पुरस्कारको सिजन सोमबार अर्थशास्त्रतर्फको पुरस्कार घोषणासँगै सकिने छ। अर्थशास्त्रतर्फको नोबेल पुरस्कारलाई औपचारिकरूपमा अल्फ्रेड नोबेलको स्मृतिमा अर्थशास्त्र विज्ञानमा बैंक अफ स्विडेन प्राइज भनिन्छ।

यी पुरस्कार आगामी डिसेम्बरमा ओस्लो र स्टकहोममा प्रदान गरिने छ। पुरस्कारको रकम एक करोड १० लाख स्विडिस कोनर (करिब १० लाख अमेरिकी डलर) रहेको छ।

डिसेम्बरमा नोबेल पुरस्कार प्रदान गर्दा विजेताहरूले १८ क्यारेटको स्वर्ण पदक र डिप्लोमा समेत प्राप्त गर्नेछन्।

## महिला उत्पीडनविरुद्ध संघर्षरत इरानी महिला नर्गेसलाई नोबेल शान्ति पुरस्कार



महिला अधिकारकर्मी नर्गेस मोहम्मादी

ओस्लो, १९ असोज (रासस/एपी)।

इरानमा महिलामाथिको दमनविरुद्ध लड्दै आएकी महिला अधिकारकर्मी नर्गेस मोहम्मादीलाई यस वर्षको नोबेल शान्ति पुरस्कार प्रदान गरिने भएको छ। हाल उहाँ इरानको जेलमा हुनुहुन्छ।

नर्वेली नोबेल कमिटीका अध्यक्ष बेरिट रेइस-एन्डर्सनले शुक्रबार उक्त पुरस्कारको घोषणा गर्नुभएको हो।

पुरस्कारको रकम एक करोड १० लाख स्विडिस कोनर (करिब १० लाख अमेरिकी डलर) रहेको छ। डिसेम्बरमा नोबेल पुरस्कार प्रदान गर्दा उहाँलाई १८ क्यारेटको स्वर्ण पदक र डिप्लोमा समेत प्रदान गरिने छ।


## बालविवाह विरुद्ध अपील
## "बालविवाह जिन्दगी तबाह"

**बालविवाह के हो ?**

महिला र पुरुषका बीचमा पतिपत्नीको सम्बन्ध कायम गराउने धार्मिक, सामाजिक कार्यलाई विवाह भनिन्छ। विवाह गर्न उपयुक्त भनि तोकिएको उमेर भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ। नेपालमा कानुनत: विवाह गर्ने उमेर २० वर्ष तोकिएको छ। त्यसैले २० वर्ष भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ। शारीरिक र मानसिक रुपमा परिपक्व नभई विवाह गर्नु र सन्तान जन्माउँदा विविध समस्या आउन सक्ने भएकोले विवाहका लागिउमेरको हदबन्दी तोकिएको हो।

**बालविवाहले निम्त्याउने समस्या यस्ता छन :**

१. शारीरिक तथा मानसिक रोगको शिकार हुने।
२. बालविवाहपछि स्वास्थ्यमा गम्भीर असर पर्ने जस्तै आङ्ग खस्ने, फिस्टुला हुने, आमा तथा शिशुको मृत्यु हुने
३. बालविवाहपछि बालबालिकाले शिक्षाबाट वञ्चित हुने।
४. घरेलु हिंसाको शिकार हुने र हिंसा सहन बाध्य हुने, कामको बोझ बोक्नु पर्ने
५. कमै उमेरमा सन्तान जन्माउँदा आमा तथा शिशुको मृत्यु हुने जोखिम उच्च हुने। अपाङ्गता भएका सन्तान जन्मन सक्ने।
६. विवाहपछि बालबालिकाको पढाइ बिग्रिने, बिरामी हुने, छिटो विवाह गर्दा छिटो बच्चा जन्मने, बालबालिकाको मानसिक शक्तिको विकास हुनबाट वञ्चित हुने।
७. आफ्नो शरीर र जीवनको बारेमा निर्णय गर्न सक्ने क्षमता नहुने।
८. व्यवहारिक कुरा बुझ्नन पाउँदै जीवन बर्बाद हुन सक्ने, यौनांगलाई हानी हुन सक्ने र परिवार चलाउन गार्हो हुने।

*बालविवाह, बालअधिकार, महिलाअधिकार, मानवअधिकारको हननमात्रै होइन, विकास र समृद्धिको बाधक पनि हो। तसर्थ बालविवाह नगरौं नगराऔं।*

**बालविवाह सम्बन्धी कानुनी व्यवस्था :**

मुलुकी अपराध (संहिता) ऐन २०७४ को दफा १७३ मा बालविवाह गर्न नहुने भनी स्पष्ट व्यवस्था गरेको छ। यसैगरि सोहि दफाको उपदफा (१) ले बिवाह गर्ने व्यक्तिको उमेर निर्धारण गरेको छ। जस अनुसार २० बर्ष नपुगी कसैले बालविवाह गर्न वा गराउन हुदैन भन्ने व्यवस्था गरेको छ। उपदफा १ विपरित भएको विवाह स्वत:बदर योग्य हुने छ। यसैगरि उपदफा (३) मा कसुर गर्ने व्यक्तिलाई ३ बर्षसम्म कैद र ३० हजारसम्म जरिवाना हुने भनिएको छ। बालविवाह भएको ३ महिना भित्र उजुरी गरिसक्नु पर्ने व्यवस्था कानूनले गरेको छ। तसर्थ, बालविवाहले बालबालिका मात्रै नभई परिवार, समाज र राष्ट्रलाई समेत गम्भीर असर गर्ने हुँदा बालविवाह नगरौं नगराऔं। बालविवाह रोक्न आजैदेखि पहल गरौं।

**अनुरोधकर्ता**

**राजगढ गाउँ कार्यपालिकाको कार्यालय, नर्घो, सप्तरी**


## विश्व समाचार

### खडेरीले सन् २०२३ को प्रारम्भमा जलविद्युत्मा 'ऐतिहासिक' विश्वव्यापी गिरावट

बैङ्कक, १९ असोज (रासस/एएफपी)।

खडेरीले सन् २०२३ को पहिलो छ महिनामा जलविद्युत् उत्पादनमा 'ऐतिहासिक' विश्वव्यापी गिरावट आएको नयाँ अनुसन्धानले देखाएको छ। विशेषगरी यस्तो अवस्था चीनमा देखिएको भन्दै अनुसन्धानले जलवायु परिवर्तनका कारण यस्तो भएको बताएको छ। नवीकरणीय ऊर्जासम्बन्धी प्रबुद्ध समूह एम्बरले गरेको अनुसन्धानअनुसार जलविद्युत् उत्पादनको गिरावटले विद्युतीय सङ्क्रमणको गतिलाई नकारात्मक असर पार्न सक्ने चेतावनी दिएको बताएको छ।

यस वर्षको जुनसम्ममा विश्वव्यापी जलविद्युत् उत्पादन आठ दशमलव पाँच प्रतिशतले गिरावट भएको उल्लेख गरेको छ। यो पछिल्लो दुई दशकमा कुनै पनि पूर्ण वर्षमा भएको गिरावट भन्दा बढी हो। उक्त गिरावटको तीन चौथाइ चीनमा भएको गिरावटको परिणाम हो।

बेइजिङको आपत्कालीन व्यवस्थापन मन्त्रालयका अनुसार सन् २०२२ को शरद र सन् २०२३ को गर्मीयामको बीचमा चीनमा सामान्य वर्षको तुलनामा उल्लेखनीयरूपमा कम पानी परेको थियो भने तापक्रम पनि उच्च भएको थियो। विश्वव्यापीरूपमा सौर्य ऊर्जा र वायु शक्ति १२ प्रतिशतले बढेको भए पनि जलविद्युत् उत्पादनमा भएको कमीले सन् २०२३ को पहिलो छ महिनामा कार्बन उत्सर्जन थोरैले वृद्धि भएको छ। विद्युत्को मागमा न्यून वृद्धिले अन्यथा हुनसक्ने अवस्थाभन्दा कार्बन उत्सर्जनमा हुने वृद्धिलाई कम राख्न सहयोग गरेको एम्बरले जारी बिहीबार जारी गरेको प्रतिवेदनमा भनिएको छ।

तर चीनमा जलविद्युत्को उत्पादनमा आएको कमीका कारण कार्बन उत्सर्जन भण्डै आठ प्रतिशतले बढेको छ। एम्बरले जलवायु परिवर्तनका कारण अत्यधिक गर्मी र खडेरीको अवस्थाले यो वर्षको जलविद्युत् उत्पादनमा कमी आएको हुनसक्ने बताएको छ। उसले भविष्यका प्रभावहरूको गणना गर्न कठिन हुने चेतावनीसमेत दिएको छ। एम्बरले जलविद्युत् उत्पादनको सम्भावनामा जलवायु परिवर्तनको परिणामहरू भौगोलिक आधारमा भिन्न रहेको उल्लेख गरेको छ। "वर्षाको ढाँचा र तीव्रतामा आएको परिवर्तनका साथै वाष्पीकरणमा भएको वृद्धिले क्षेत्रगत आधारमा जलविद्युत् उत्पादनमा सकारात्मक र नकारात्मक दुवैरूपमा असर गर्नेछ", प्रतिवेदनमा भनिएको छ।

मध्य अफ्रिका, भारत, मध्य एसिया र उत्तरी उच्च अक्षांश भएका केही क्षेत्रमा जलविद्युत् उत्पादन क्षमतामा वृद्धि देखिनसक्छ। तर दक्षिणी युरोप, दक्षिणी अमेरिकी र अन्य स्थानमा जलविद्युत् उत्पादन कमजोर हुने सम्भावना छ। यस वर्षको राष्ट्रसङ्घीय जलवायु परिवर्तनसम्बन्धी महासन्धि (कोप) को बैठकमा कोपका प्रमुखले सन् २०३० सम्ममा नवीकरणीय ऊर्जा विश्वव्यापीरूपमा तीन गुणाले बढाउन आह्वान गर्नुभएको छ।

साथै अन्तर्राष्ट्रिय ऊर्जा एजेन्सीले गत महिना सन् २०३० सम्ममा जीवाश्म इन्धनको माग उच्च हुने प्रक्षेपण गरेको थियो। तर गत वर्षको पहिलो छ महिनाको तुलनामा यस वर्षको सोही अवधिमा वायु शक्ति र सौय ऊर्जाको उत्पादन अत्यन्त सुस्त गतिमा भएको छ जसले ऊर्जा क्षेत्रमा लाभको कमजोरीलाई प्रतिबिम्बित गरेको छ।

"वायु र सौर्य ऊर्जाको उल्लेखनीय वृद्धि उत्साहजनक भए पनि जलवायु परिवर्तनका कारण जलविद्युत् उत्पादनमा देखिएको प्रतिकूलतालाई हामीले नजरअन्दाज गर्न सक्तैनौं", एम्बरका वरिष्ठ विद्युत् विश्लेषक मालगोर्जटा वेट्रस-मोटिकाले भन्नुभयो, "विश्व ऊर्जा क्षेत्र उत्सर्जनको उच्च अवस्थामा छ र यो दशकमा नवीकरणीय ऊर्जाको उत्पादन तीन गुणाले वृद्धि गर्न विश्वव्यापी सम्झौता गरेर हामीले जीवाश्म इन्धनको उत्पादनमा भएको तीव्र गिरावटलाई गति दिन आवश्यक छ।"

### सभामुखमा जिम जोर्डनलाई ट्रम्पको समर्थन

वासिङ्टन, १९ असोज (रासस/एपी)।

अमेरिकाका पूर्वराष्ट्रपति डोनाल्ड ट्रम्पले हाउस अफ रिप्रेजेन्टेटिभको सभामुख पदमा ओहायोका रिपब्लिकन सांसद जिम जोर्डनलाई आधिकारिकरूपमा समर्थन गर्नुभएको छ। उहाँले हाउस जुडिसियरी कमिटीका अध्यक्ष तथा लामो समयदेखिका आफ्नो बचाउकर्ता जोर्डनलाई केभिन म्याकार्थीको उत्तराधिकारीका रूपमा समर्थन गर्नुभएको हो।

"ओहायोको चौथो कंग्रेसनल डिस्ट्रिक्टको प्रतिनिधित्व गर्दै वासिङ्टन डिसीको सफल यात्रा सुरु गर्नुभन्दा धेरै अघिदेखि नै जिम जोर्डन स्टार हुनुहुन्थ्यो", ट्रम्पले आफ्नो साइट ट्रुथ सोसलमा लेख्नुभएको छ, "उहाँ सदनको एक महान सभामुख हुनुहुनेछ र मेरो उहाँलाई पूर्ण समर्थन छ।" टेक्सासका रिपब्लिकन सांसद टोरी नेहल्सले बिहीबार राति जोर्डनको सभामुख पदको उम्मेदवारीलाई ट्रम्पले समर्थन गर्नुभएको बताएको केही घण्टापछि उक्त घोषणा आएको हो।

### हिमतालमा आएको बाढीबाट भारतमा मर्नेहरूको संख्या ४० पुग्यो

गुवाहाटी, भारत, १९ असोज (रासस/एएफपी)।

भारतको उत्तरपूर्वी क्षेत्रमा आएको बाढीबाट कम्तीमा ४० जनाको मृत्यु भएको अधिकारीहरूले शुक्रबार बताएका छन्। भारतीय सेनाले बाढीमा फँसेका हजारौंको हेलिकप्टरमार्फत उद्धार गर्ने योजना बनाएको छ। उच्च हिमाली भूभागमा अचानक हिमताल विष्फोट भएपछि बुधबार सिक्किम राज्यको दुर्गम क्षेत्रमा हिंसात्मकबाढी आएको थियो। जलवायु विज्ञहरूले विश्वव्यापी तापक्रम बढिरहँदा र हिउँ पग्लिन थालेसँगै यस्तै किसिमका विपत्तिहरू हिमालय क्षेत्रभर बढ्दो खतरा बन्ने चेतावनी दिएका छन्।

पानीको बहाव बङ्गालको खाडीतिरको ग्रामीण इलाकामा बढ्न थालेपछि उद्धारकर्मीहरूले राति थप शव फेला पारेका हुन्। सिक्किम राज्यका उच्च अधिकारी भि बी पाठकले भन्नुभयो, "अहिलेसम्म १९ वटा शव फेला परेका छन्।" छिमेकी राज्य पश्चिम बङ्गालका एक जिल्ला मजिस्ट्रेट शामा प्रवीणले आफ्नो राज्यमा पछिल्लो तीन दिनमा थप २१ शव फेला परेको जानकारी दिनुभयो। सिक्किम राज्य सरकारका अनुसार विद्यालय, सरकारी कार्यालय र गेस्टहाउसहरूमा स्थापना गरिएका राहत शिविरहरूमा करिब आठ हजारले आश्रय लिएका छन्।

# वास्तु शास्त्रको अध्ययन र अनुसन्धानका लागि नेपाल र अमेरिकाबीच सम्झौता गरिने

काठमाडौँ, १९ असोज (रासस)। वास्तु शास्त्रको अध्ययन अनुसन्धानका विषयमा नेपाल संस्कृत विश्वविद्यालय र महर्षि अन्तरराष्ट्रिय विश्वविद्यालय आयोवा अमेरिकाबीचसम्झौता गरिने भएको छ।

दुवै देशका विद्वान्‌लाई सहभागी गराएर नेपालमा आयोजना गरिएको छ हप्ते गोष्ठी समापनका अवसरमा शनिबार दुई विश्वविद्यालयबीच सम्झौता गर्न लागिएको नेपाल महर्षि वैदिक फाउन्डेसनका अध्यक्ष एवं पूर्वगृह राज्यमन्त्री दीपकप्रकाश बास्कोटाले जानकारी दिनुभयो।

पछिल्लो समय नेपालमा वास्तुको अध्ययन, अध्यापनमा कमी आएका बेला त्यसलाई प्रवर्द्धन गर्ने उद्देश्यले दुवै देशका विद्वान्‌लाई सहभागी गराएर छ हप्ते कार्यक्रम आयोजना गरिएको थियो। जसको समापनका अवसरमा ऐतिहासिक सम्झौता गर्न लागिएको हो।

शान्ति र समृद्धिका लागि वास्तुसम्बन्धी ज्ञान र प्रयोग अपरिहार्य भएकामा विद्वान्‌ले जोड दिएपछि दुवै विश्वविद्यालयबीच सम्झौता गरी यसलाई अघि बढाउन लागिएको हो। पूर्वीय दर्शनको वास्तुसम्बन्धी ज्ञान पश्चिमा देशमा पुगेपछि वैज्ञानिक अनुसन्धानबाट पुष्टि भएकाले यसको उत्पत्तिस्थल नेपालमा यसको पुनरुत्थान गर्न लागिएको उहाँले बताउनुभयो।

महर्षि महेश योगीले विश्वव्यापी रूपमा प्रचारप्रसार गर्नुभएको वैदिक ज्ञानका १२ क्षेत्रमध्ये वास्तु पनि एक हो। यसअघि यस किसिमका चारवटा प्रशिक्षणात्मक वास्तुसम्बन्धी गोष्ठी नेदरल्यान्डमा सम्पन्न गरिएको थियो। नेपालमा यस किसिमको पहिलो कार्यक्रम गरिएको पनि फाउन्डेसनले जनाएको छ।

कार्यक्रममा एसिया, युरोप, उत्तर तथा दक्षिण अमेरिका र अष्ट्रेलिया महादेशका १४ देशका २४ जना आर्किटेक इन्जिनियरको सहभागिता रहेको छ। कार्यक्रमको समापन र दुई देशका दुई विश्वविद्यालयबीच शनिबार राजधानीमा सम्झौता गरिने कार्यक्रम रहेको जनाइएको छ।

### आगामी वर्ष ...

पुनःसरचना गर्ने उपयुक्त समय हो, प्राविधिक र व्यावसायिक शिक्षामा जोड दिनुपर्छ", उहाँले भन्नुभयो, "हामीले युरोप र दक्षिणपूर्वी मुलुकका लागि मात्र जनशक्ति तयार पारिरहेका छौं।" सो छलफलमा भाग लिनुहुँदै लक्ष्मी सनराइज बैंककी प्रमुख बिजनेस अफिसर आरती राज्यलक्ष्मी राणाले आयात वृद्धि नहुनु र रेमिट्यान्स बढ्नु अर्थतन्त्रका लागि सकारात्मक भएको बताउनुभयो। जलविद्युत् क्षेत्रमा नेपालको प्रगति राम्रो भएको भन्दै उहाँले नेपालले भारतमा चालु वर्षमा मात्र रु पाँच अर्ब ४३ करोडभन्दा बढीको बिजुली बेचेको प्रसङ्ग निकाल्नुभयो।

नेपालले गत वर्ष करिब रु ११ अर्ब १६ करोडको बिजुली भारतलाई बेचेको थियो। भारतसँग नेपालको बिजुली व्यापारको घाटा रु आठ अर्ब हाराहारी रहेको छ। सन् २०२६ सम्म नेपाल विद्युत्‌मा आत्मनिर्भर हुने लक्ष्य छ। नेपालका लागि स्वीटजरल्याण्ड दूतावासकी कार्यक्रम व्यवस्थापक दोरोथी लोड्सचेरले नेपालको आर्थिक विकासका लागि प्राविधिक र व्यावसायिक शिक्षामा जोड दिनुपर्ने बताउनुभयो। नेपालले आफ्नो बजारलाई आवश्यक जनशक्ति उत्पादन गर्न सक्नुपर्ने उहाँले बताउनुभयो। शिक्षित युवाहरूलाई स्वदेशमै राख्न सक्ने वातावरण बनाउन पनि उहाँले सुझाव दिनुभयो।

अर्थशास्त्री तथा अर्थ मन्त्रालयका आर्थिक सल्लाहकार डा पोषराज पाण्डेले बजेटमार्फत सरकारले उत्पादनलाई बढ्वा दिनुका साथै डिजिटल अर्थतन्त्रलाई सहजीकरण गरेको बताउनुभयो। भूपरिवेष्टित मुलुक भएका कारण सामान आयात र निर्यात महँगो पर्ने गरेको उहाँको भनाइ छ। नेपाल स्तरोन्नतिको चरणमा रहेको बेला दातृ निकायबाट बढी सहयोगको अपेक्षा गर्नेसमेत उहाँले बताउनुभयो। काठमाडौँ विश्वविद्यालयका उपकुलपति डा भोला थापाले नेपालले हरित ऊर्जामा ध्यान दिनुपर्ने बताउनुभयो। काठमाडौँ विश्वविद्यालयले सरकार र विकास साझेदारहरूसँगको सहकार्यमा हाइड्रोजनको अध्ययन गरिरहेको जानकारी दिनुहुँदै उहाँले ग्रिन हाइड्रोजन उत्पादन गरेर निर्यात गर्न सकिनेसमेत बताउनुभयो।

### विद्यालय शिक्षा ...

नेकपा (माओवादी केन्द्र) सांसद जनार्दन शर्माले विधेयकसँग सम्बन्धित विषयमा सरकारले गरेको सहमति प्रस्तुत गरेपछि त्यसलाई सहमतिका आधारमा अघिबढाउन आफूहरू तयार हुने बताउनुभयो। उहाँले शिक्षाको गुणस्तर वृद्धि र आमसरोकारवालाको चासोलाई सम्बोधन गर्न विधेयक सक्षम हुनुपर्नेमा जोड दिनुभयो।

जनता समाजवादी पार्टीका सांसद प्रदीपकुमार यादवले स्वार्थ समूहलाई हाबी हुन नदिई नेपाल शिक्षक महासङ्घ र राहत शिक्षक केन्द्रीय समितिसँग भएका सहमति अक्षरशः पालना हुनुपर्ने बताउनुभयो।

### पुस्तक प्रदर्शनी र ...

सबैले पहल गर्नु पर्नेमा जोड समेत दिए।

पठन संस्कृतिको विकास गर्ने उद्देश्यले गते असोज ७ देखी सुरु भएको बृहत पुस्तक प्रदर्शनी असोज २२ गतेसम्म चल्ने बताइएको छ। २५ देखी ५० प्रतिशतसम्म छुटको व्यवस्था मिलाइएको प्रदर्शनीमा विभिन्न विधाका २ हजार ६ सय कृतिहरु राखिएको साझा प्रकाशनले जनाएको छ।


**डा. कालीप्रसाद यादव**

MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203

**कन्सलटेन्ट फिजिसियन**

मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग

**हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज**

**डा. रिपला आचार्य**

MBBS, MD (BPKIHS) NMC NO. 19992

**छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ**

डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी

यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ।

**सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी**

**हुलमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७**


# धार्मिक सद्भाव कायम राख्न सांसदको माग

काठमाडौँ, १९ असोज (रासस)। सांसदहरूले धार्मिक सद्भाव कायम राख्न, सडक मर्मतसम्भार र स्वास्थ्य संस्था निर्माणको कामलाई तीव्रता दिन सरकारसँग माग गर्नुभएको छ।

प्रतिनिधिसभाको शुक्रबारको बैठकको शून्य समयमा सांसद राजेन्द्रकुमार राईले धनकुटा जिल्लामा प्रदेशस्तरीय अस्पताल बनाउनका लागि जग्गा उपलब्ध गराउन सङ्घीय सरकारले निर्णय गर्नुपर्ने बताउनुभयो। उहाँले भन्नुभयो, "प्रदेश सरकारले बजेट बनियोजन गरेर डिपिआर बनिसेको छ। कृषि तथा पशुपन्छी मन्त्रालयको २५ रोपनी जग्गा सङ्घीय सरकारलाई तत्काल उपलब्ध गराउन सिफारिस गर्दा पनि निर्णय भएको छैन।"

सांसद राजेन्द्रप्रसाद लिङ्देनले बिना आधार धार्मिक सदभावमा खलल पुऱ्याएको आरोप लगाइएको भन्दै असन्तुष्टि व्यक्त गर्नुभयो। सांसद रामशङ्कर यादवले सदनमा पटकपटक सरकारको ध्यानाकर्षण गराउँदा पनि कार्यान्वयन नभएको गुनासो गर्नुभयो। "सदनमा पटक-पटक बोलिसक्दा पनि सरकारले चासो व्यक्त गर्दैन। जेठदेखि साउनसम्ममा बलान नदी नियन्त्रण सम्बन्धमा तीन चोटी दोहोरयाए तर सरकारले सुनेन", उहाँले भन्नुभभो, "समयमा नसुन्दा धेरै क्षति भइसकेको छ। चालु आर्थिक वर्षमा पनि नियन्त्रण गरिएन भने अन्य बस्ती विस्थापन हुने जोखिममा छ।"

सांसद रामकुमार राईले पहाडी लोकमार्ग दिक्तेल-भोजपुर खण्डमा दश किलोमिटरको कालोपत्र गर्नुपर्ने बताउनुभयो। सांसद रेखा यादवले वैदेशिक रोजगारीका नाममा महिलाहरूले बेचबिखनमा परेको भन्दै उद्धार, पुनःस्थापन र पुनर्वासको माग गर्नुभयो।

सांसद रोशन कार्कीले संसदीय समितिले दिएको निर्देशन सरकारले कार्यान्वयन नगर्नु समितिको अपमान भएको बताउनुभयो। उहाँले भन्नुभयो, "महिला तथा सामाजिक मामिला समितिले निःशुल्क हेल्पलाइनको व्यवस्था र आरती साहको परिवारमाथि दुर्व्यवहार गर्नेप्रति कारबाहीका लागि सिफारिस गरेको थियो। तर गृहमन्त्रालयले यसको कार्यान्वयन गरेन। के यसरी समितिको अपमान गर्न मिल्छ?"

शून्य समयमा सांसद लेखनाथ दाहालले कार्यतालिकासहितको बजेट कार्यान्वयन प्रक्रियाको लिखित विवरण अर्थमन्त्रालयसँग माग गर्नुभयो। सांसद महेन्द्रबहादुर शाहीले बाढी पहिरोका कारण अवरुद्ध सडक तत्काल सञ्चालनमा ल्याउन सरकारको ध्यानाकर्षण गराउनुभयो। उहाँले भेरी बबई डाइभर्सन आयोजनामा स्थानीयलाई जग्गाको मुआब्जा दिन माग गर्नुभयो।

सांसद राजेन्द्र बजागाईले नेपाली युवा रुसको सेनामा भर्ती हुने विषयमा सरकारको ठोस जवाफको माग गर्नुभयो। सांसद महेशकुमार बर्तौलाले त्रिभुवन विश्वविद्यालयमा नेविसङ्घले प्राध्यापक र सहप्राध्यापकको अन्तर्वार्तामा अवरोध पुऱ्याउन तालाबन्दी गरेको भन्दै सरकारको ध्यानाकर्षण गराउनुभयो।

सांसद मञ्जु शर्मा अन्सारीले देशमा धार्मिक सद्भावलाई कायम राख्न आग्रह गर्नुभयो। सांसद रणकुमारी बलमपाकी मगरले काठमाडौँका विभिन्न स्थानका सडक बालबालिकालाई सुरक्षित बास, शिक्षा र संरक्षणका लागि ध्यानाकर्षण गराउनुभयो।

सांसद रमाकुमारी पौडेलले काठमाडौँको इन्द्रचोकभित्र भारी बोक्ने श्रमिकलाई तीन पाङ्ग्रे सवारी सञ्चालन गर्न अनुमति दिनका लागि काठमाडौँ महानगरपालिकाले वञ्चित गरेको भन्दै निश्चित समय तोकेर भए पनि अनुमति दिनुपर्ने बताउनुभयो।

# शेयर धितो कर्जामा १२ करोडको सीमा बढाइयो

काठमाडौँ, १९ असोज (रासस)। नेपाल राष्ट्र बैंकले शेयर धितो कर्जामा यसअघिको रु १२ करोडको सीमा बढाएको छ।

राष्ट्र बैंकले एकीकृत निर्देशन २०८० मा संशोधन गर्दै मार्जिन प्रकृतिको शेयर धितो कर्जाको सीमा बढाएको हो। यसअघि शेयर धितो कर्जाका रुपमा समग्र वित्तीय प्रणालीबाट रु १२ करोडसम्मको मात्रै कर्जा पाउने व्यवस्था थियो। त्यसलाई बढाएर व्यक्तिको हकमा रु १५ करोड र संस्थाको हकमा रु २० करोड बनाइएको छ।

"कुनै एक वा सबै इजाजत प्राप्त संस्थाबाट शेयर धितोमा प्रवाह हुने मार्जिक प्रवृतिको कर्जाको अधिकतम एकल ग्राहक कर्जा सीमा कूल रु १५ करोड कायम गरिएको छ", राष्ट्र बैंकले बिहीबार जारी गरेको संशोधित निर्देशिकामा भनिएको छ, "धितोपत्र बजारमा लगानी गर्ने उद्देश्यले स्थापना भएका संस्थागत लगानीकर्ताका लागि यस्तो कर्जाको अधिकतम सीमा रु २० करोड कायम गरिएको छ।"

त्यस्तै निर्देशिकामार्फत वाणिज्य बैंकहरुले चालु आर्थिक वर्षको अन्त्यसम्ममा काउन्टर साइक्लिकल बफर शून्य दशमलव पाँच प्रतिशत कायम गर्नुपर्ने भएको छ।

## विभिन्न विपद्को समयमा सतर्क रहौं

**चट्याङको समयमा**

१. बिजुली चम्केको बेला सतर्क रहने।
२. विद्युतीय तरंग टिप्न सक्ने फलाम, चिसो बस्तु नछुने।
३. बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने।
४. सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुख्खा ठाउँमा बस्ने।
५. खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने।
६. सकभर अग्लो स्थानमा बस्ने।
७. धातुको ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने।

**भुकम्पको समयमा**

१. भुकम्प आएको बेला सतर्क रहने।
२. घरबाहिरको सुरक्षित स्थानमा पुग्न नभ्याइने हुनसक्छ। तुरुन्तै खाट, टेबुल, ढोकामुनी तथा घरभित्रकै अन्य सुरक्षित स्थानमा बस्ने।
३. अग्ला र कमजोर घर बिजुलीका खम्बा, ट्रान्सफर्मर, रुख तथा अन्य संरचनाहरु ढल्न सक्ने हुँदा त्यसबाट बच्ने।
४. भुईचालो थामिए पनि फेरि दोहरीन सक्ने हुँदा परिवारका सदस्य, मुल्यवान बस्तु संकटकालिन झोला आदी लिएर सुरक्षित स्थानमा निस्कने र उद्दार कार्यमा जुट्ने।
५. उपचारको ब्यवस्था तत्कालिन राहत तथा उद्दार कार्यमा थप सहयोगका लागि भुईचालोबाट क्षतिको सम्बन्धीत निकायमा तुरुन्त खबर गर्ने।

**आगलागिको समयमा**

१. आगलागिको बेला सतर्क रहने।
२ आगलागि नियन्त्रणको लागि घर बनाउँदा, विद्युतीय वायरिङ गर्दा, भान्सा बनाउँदा, ग्यास, सलाई लाइटर चलाउँदा, चुरोट तान्दा, धुपबत्ति बाल्दा ध्यान पुऱ्याउने।
३. आगलागि नियन्त्रणको लागि चाहिने अग्निसमय Fire Extinguisher लगायतका आवश्यक संसाधनहरु तयारी अवस्थामा राख्ने।
४. भवन वा अन्य भौतिक संरचना निर्माणमा उपयुक्त स्थलगत योजना तयार गरी गुणस्तरीय निर्माण सामाग्रिको प्रयोग गर्ने।
५.आगलागिका सम्भावित क्षेत्रमा क्षति न्युनिकरण गर्नको लागि जोखिम क्षेत्रको नक्साङकन गरी सामाजिक जनचैतना अभिबृद्धि गर्ने।

**आकस्मिक सम्पर्क नम्बर : जिल्ला आपतकालिन कार्य संचालन केन्द्र सप्तरी -०३१५३३७६२**

जनहीतका लागि जारि सन्देश : **तिरहुत गाउँपालिकाको कार्यालय, सप्तरी**

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*